त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र संकाय

परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

शिक्षा शास्त्र संकाय
डीनको कार्यालय
परीक्षा नियन्त्रण महाशाखा
बल्खु

मितिः २०८२।४।२८

स्नातकोत्तर तह M.Ed. चौथो सेमेष्टरको मौका/पुरक परीक्षा (Makeup Exam) को परीक्षा आवेदन फारम भर्ने सम्बन्धी सूचना

यस संकायअन्तर्गत सेमेष्टर प्रणालीमा आधारित **स्नातकोत्तर तह M.Ed. चौथो सेमेष्टरको** यही २०८२ साल श्रावण महिनामा प्रकाशन भएको नियमित परीक्षामा बढीमा २ विषय (सैद्धान्तिक मात्र) मा अनुत्तिर्ण भएका तथा अघिल्ला सेमेस्टरहरुको सबै परीक्षामा उत्तीर्ण विद्यार्थीहरुका लागि मौका/पुरक परीक्षाको व्यवस्था गरिएको हुँदा सम्बन्धित विद्यार्थीहरुलाई आ-आफ्नो क्याम्पसमा सम्पर्क गरी यस संकायको वेवसाईट www.tufoe.edu.np मा रहेको परीक्षा फारम डाउनलोड गरी आवश्यक विवरण भरी सम्बन्धित क्याम्पसमा यही २०८२ साल भाद्र १५ गतेसम्म बुझाइसक्नु हुन सूचित गरिन्छ ।

- परीक्षा आवेदन फारमवापत मौका/पुरक परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. २५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ । जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ र परीक्षा फारमका साथ अघिल्ला सबै सेमेस्टर उत्तीर्ण भएको प्रतिलिपि ग्रेडसिटहरु तथा चौथो सेमेस्टरको प्रतिलिपि ग्रेडसिट (नतिजा मिति २०८२।४।४) संलग्न गर्नुपर्नेछ ।
- परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि संलग्न गर्नुपर्नेछ । साथै तोकिएको ठाउँमा सम्बन्धित क्याम्पसका अधिकारीले दस्तखत गरी क्याम्पसको छाप समेत लगाउनु पर्नेछ ।
- परीक्षा फारममा विद्यार्थीहरुले पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो टाँस गर्नुपर्नेछ ।
- यदि परीक्षा फारममा उल्लेखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ ।
- क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले अघिल्ला सेमेस्टरहरुको सबै परीक्षा उत्तीर्ण भई २०८२ साल श्रावण ४ गते प्रकाशन भएको चौथो सेमेस्टरको नियमित परीक्षामा बढीमा २ विषय (सैद्धान्तिक) मात्र अनुत्तीर्ण विद्यार्थी भएको यकिन गरी मात्र परीक्षा फारम बुझि लिनु पर्नेछ ।
- सम्बन्धित क्याम्पसहरुले परीक्षा फारामवापत संकलित शुल्क यही २०८२ साल भाद्र १६ गतेभित्र यस संकायको नेपाल बैंक लिमिटेडमा रहेको खातामा दाखिला गरी सो को सक्कल भौचर र संकलित परीक्षा फारम यही २०८२ साल भाद्र २० गतेसम्म परीक्षा नियन्त्रण महाशाखा बुझाइ सक्नु पर्नेछ ।
- मौका/पुरक परीक्षाको परीक्षा यही २०८२ साल भाद्र तेस्रो साता सञ्चालन गरिनेछ र परीक्षा केन्द्र श्री शिक्षाशास्त्र के. विभाग, कीर्तिपुर काठमाडौ कायम गरिएको छ ।

सहायक डीन